नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( आर्थिक प्रशासन शाखा )

फो.नं.४२००४१
४२००२१
सिंहदरवार काठमा

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं. :-२०७७/७८
च.न. :-४००

मितिः-२०७८/०३/०९

विषयः- खाता फुकुवा गर्ने/विवरण उपलव्ध गराउने सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
सवै ।

महालेखा नियन्त्रकको कार्यालय अनामनगर कोष व्यवस्थापन तथा प्रणाली विकास शाखाको च.नं.३५८ मिति २०७८/०३/०६ को साविक जिल्ला विकास समितिको नाममा रहेको विभिन्न कोषको सन्दर्भमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई साविकको परिपत्र सच्याईएको/पुनःताकेता गरिएको सम्वन्धी परिपत्र आवश्यक कार्यान्वयन प्रयोजनको लागि पठाएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थः-

श्री महालेखा नियन्त्रक कार्यालय
(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)
श्री सुचना प्रविधि शाखा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- वेभ साईटमा अपलोड गरि दिनु हुन ।

नेपाल सरकार
अर्थ मन्त्रालय

फयास नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)
अनामनगर, काठमाडौं

प.सं.:२०७७/०७८/४.१
च.नं.:- ३५८

मिति २०७८/०३/०६

विषय: सच्याईएको / पुनः ताकेता गरिएको सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।

प्रस्तुत विषयमा च. न. ३४६ मिति २०७८/०२/०३ मा यस कार्यालयबाट परिपत्र गरिएकोमा नेपाल सरकार, माननीय मन्त्रीस्तरबाट मिति २०७८/०१/२२ को निर्णय हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको व्यहोरा अनुरोध छ। साथै, सोही पत्रानुसार तपसील बमोजिम कार्य गर्नु गराउनुहुन समेत अनुरोध छ।

तपसील:

क. साविक जिल्ला विकास समितिमा रहेको विभिन्न कोषका रकमहरु मध्ये हाल रोक्का राखिएका सबै खाताहरु रोक्का फुकुवा गर्ने।

ख. साविकमा कर्मचारी कल्याणका लागि स्थापना गरिएको कोषमा रकम जम्मा गर्न जि.वि.स.को तर्फबाट नियुक्त कर्मचारी हाल उक्त जिल्लाको जि.स.स.मा कार्यरत रहि निजको अवकासित दायित्व भुक्तानी गर्ने प्रयोजनको लागी खर्च लेख्ने बाहेक अन्य अवस्थामा उक्त खातामा रहेको रकम रोक्का राख्ने र

ग. सबै जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषको रकम यकिन गरि सोको जिल्लागत एकिकृत विवरण ७ दिन भित्र यस कार्यालयको ईमेल tsa@fcgo.gov.np मा उपलब्ध गराउने।

शारदा पन्थी
लेखा अधिकृत

बोधार्थ:
श्री अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं (सबै जिल्ला समन्वय समितिमा पत्राचारका लागी।)